**संघीय संसद**
**राष्ट्रिय सभा**
**चौथो अधिवेशन**
**बैठक - २१**
**सूचना पत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ असार १५ गते आइतबार**

---

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको बीसौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **विहान ११:०५ बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री भानुभक्त ढकाललाई "नेपालको संविधानको धारा ५३ बमोजिम तयार गरिएको आर्थिक वर्ष २०७४/०७५ को नेपाल सरकारको वार्षिक प्रतिवेदन" सभा समक्ष पेश गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विनियोजन विधेयक, २०७६ अन्तर्गत भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, खानेपानी मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, शहरी विकास मन्त्रालय र अर्थ मन्त्रालय सम्बन्धी शीर्षकहरूमाथि छलफल हुने व्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले खानेपानी मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३४ बमोजिम खर्च कटौती प्रस्ताव गर्नुहुने माननीय अनिता देवकोटालाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विनियोजन विधेयक, २०७६ का विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिन चाहनु हुने देहाय बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो :

१. मा. भैरव सुन्दर श्रेष्ठ
२. मा. प्रकाश पन्थ
३. मा. दिल कुमारी रावल थापा (पार्वती)
४. मा. खिम कुमार विश्वकर्मा
५. मा. रमेश प्रसाद यादव
६. मा. सिंग बहादुर विश्वकर्मा
७. मा. कमला कुमारी ओली
८. मा. चक्र प्रसाद स्नेही
९. मा. रामपृत पासवान
१०. मा. जीवन बुढा
११. मा. डा. विमला राई पौडयाल
१२. मा. नन्दा चपाई
१३. मा. काली बहादुर मल्ल
१४. मा. बद्री प्रसाद पाण्डे
१५. मा. परशुराम मेघी गुरुङ

तत्पश्चात्, सम्माननीय अध्यक्षले विनियोजन विधेयक, २०७६ अन्तर्गत भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, खानेपानी मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, शहरी विकास मन्त्रालय र अर्थ मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफल समाप्त भएको जानकारी गराउनुहुँदै आगामी बैठकमा वन तथा वातावरण मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफल हुने व्यहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्मानीय अध्यक्षले सभाको अर्को बैठक सम्वत् **२०७६ साल असार १७ गते मंगलबार विहान ११:०० बजे** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव